मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : २१३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार १७ गते बुधवार (Wednesday, July 1. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

सूचना

लोकसेवा आयोगको दृढ अठोट- स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## प्रदेश प्रहरीमा ११ हजार दरवन्दी

**झापा, असार १६।** प्रदेश १ प्रदेश प्रहरीमा ११ हजारको दरवन्दी रहने भएको छ ।

प्रदेश सरकार मातहत रहने प्रदेश प्रहरीको संख्याबारे सैद्धान्तिक सहमति भइसकेको आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले जानकारी गराएका हुन् । प्रदेश सरकारले सदनमा प्रदेश प्रहरी सम्बन्धी विधेयक ल्याउने तयारी थालिसकेको छ ।

आगामी आर्थिक वर्षको बजेटमा आन्तरिक मामिला मन्त्रालयतर्फ विनियोजित शीर्षकको विषयमा प्रदेशसभामा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै कार्कीले भने- हामीले प्रदेश प्रहरी जम्मा ११ हजार राख्न सैद्धान्तिक सहमति गरिसकेका छौं । संघीय सरकारले राशन र पोशाक व्यवस्थापन गरिदिने भनेको छ । हामीले सवारी साधन व्यवस्थापन गर्नुपर्नेछ । कार्यालयहरू पनि बनाइरहेका छौं ।

उनले अहिले प्रहरी कार्यालय तथा चौकी निर्माणमा समेत प्रदेश सरकारले काम गरिरहेको र यसलाई गति दिइने समेत बताए । साढे ७ सय जति प्रहरी कार्यालय बनाउनु पर्नेछ, तर अहिले कोरोनाले असर गरेको छ । यो वर्ष १२५ वटा कार्यालय बन्नेछन् । प्रहरीका लागि थप २० वटा गाडी किन्ने योजना छ । ५२ वटा गाडीको माग भएको छ- कार्कीले भने- यसअघि करिब ६ सय मोटरसाइकल सबै प्रहरी चौकीलाई पुग्ने गरी वितरण गरिसकिएको छ । यो वर्ष पनि केही राखिएको छ ।

प्रदेश सरकारले संघीय सरकारसँगको समन्वयमा प्रदेश १ सँग सीमा जोडिएका भारत र चीन सीमामा बोर्डर आउट पोस्ट (बीओपी) निर्माणलाई यो वर्ष पनि गति दिने मन्त्री कार्कीले बताए । उनले भने- यो वर्ष थप पाँचवटा बीओपी बनाउँदैछौं । ताप्लेजुङको ओलाङ्चुङ्गोला र संखुवासभाको किमाथांकामा पनि बीओपी बन्नेछ । किमाथांकामा भने जग्गा प्राप्ति भइसकेको छ ।

ओलाङ्चुङ्गोला र किमाथांका चीन सीमावर्ती क्षेत्रहरू हुन् । कार्कीले बीओपीका जग्गामा प्रदेश सरकार आफैंले खर्च नगर्ने बरु स्थानीयबाट दानमा प्राप्त भए लिने नत्र किन्नै परे स्थानीय तहले खरिद गर्नुपर्ने बताएका छन् । भारत सीमामा सरकारले औसत तीन किलोमिटरमा एउटा सशस्त्र प्रहरीको पोष्ट बनाउने योजना बनाएको छ ।

आगामी वर्षको बजेटमा आन्तरिक मामिला मन्त्रालयका विभिन्न शीर्षकमा एक अर्ब २७ करोड छुटयाइएको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# ग्रामीण क्षेत्रमा सर्पदंशका बिरामी धेरै



**बिर्तामोड, असार १६।** वर्षायाम शुरु भएसंगै झापामा सर्पदंशका बिरामी बढेका छन् । ग्रमीण क्षेत्रका सर्वसाधारण विशेष गरी सर्पको डसाइबाट हरेक वर्ष सबैभन्दा धेरै पीडित हुने गरेका छन् । प्रत्येक वर्ष झापामा झण्डै तीन हजार पाँच सय जना सर्पको डसाइबाट विरामी पर्ने गरेका छन् ।

बाह्रदशी गाउँपालिका-२ राजगढका वीरबहादुर कार्की दुई दिनअघि विषालु सर्पको डसाईंबाट बिरामी परे । उनको अहिले नेपाली सेनाले सञ्चालनमा ल्याएको झापाको चारआलीस्थित सर्पदंश उपचार केन्द्रमा उपचार भइरहेको छ । विषालु गोमन सर्पले डसेको डेढ घण्टाभित्र सर्पदंश उपचार केन्द्र चारआली आइपुगेका कार्कीले उपचारपछि अहिले नयाँ जीवन पाएका छन् ।

सर्पदंशका कारण बिरामी पर्ने कार्की ग्रामीण क्षेत्रका एक प्रतिनिधि पात्र मात्र हुन् । उनीजस्ता धेरै वर्षायाम शुरु भएसँगै सर्पको डसाइमा पर्ने गरेका छन् । सर्पदंश उपचार केन्द्र चारआलीको तथ्याङ्क अनुसार गत वर्ष १ हजार ३ सय ३६ जना सर्पदंशका कारण बिरामी भए । जसमध्ये ३१ जनालाई विषालु सर्पले डसेको थियो । झापासहित देशभर नै विषालुभन्दा नविषालु सर्पको डसाइबाट धेरै मानिस प्रभावित हुँदै आएका छन्- सर्पदंश उपचार केन्द्र चारआलीका डा. सुलभ श्रेष्ठले भने ।

झापामा सर्पदंश उपचार केन्द्र चारआलीसहित नेपाल रेडक्रस सोसाइटीले सञ्चालनमा ल्याएको सर्पदंश उपचार केन्द्र दमक र कनकाई नगरपालिकाको कोटीहोममा रहेको सहारा सर्पदंश उपचार केन्द्रबाट पनि सर्पदंशका विरामीले उपचार पाउँदै आएका छन् । दमक र कनकाई नगरपालिकामा रहेको सर्पदंश उपचार केन्द्रमा पनि उपचार गराउनेको संख्या झण्डै उस्तै छ ।

सर्पदंश उपचार केन्द्र चारआलीमा चालूआर्थिक वर्षको वैशाख, जेठ र असारको दोस्रो हप्तासम्ममा सर्पदंशको उपचार गराउनेको संख्या २ सय ५० रहेको छ भने दमकमा बैशाख र जेठमा मात्रै १ सय ६८ जनाले सर्पदंशको उपचार गराएका छन् ।

चेतनाको अभावले ग्रामीण क्षेत्रमा अझै पनि सर्पले डसे झारफुक गर्ने चलन हटेको छैन । सर्पले डसेका व्यक्तिलाई समयमा अस्पतालसम्म ल्याइ नपुऱ्याउँदा कतिपयले अकालमै ज्यान गुमाउने गरेका छन् । सर्पदंश उपचार केन्द्र चारआलीमा भेन्टिलेटरको अभावमा कतिपय बिरामीको उपचारमा समस्या हुने गरेको बताउँछन्- सर्पदंश उपचार केन्द्र व्यवस्थापन समिति अध्यक्ष दुर्गाप्रसाद भट्टराई ।

सर्पदंशका कारण हरेक वर्ष झापामा कति मानिसले अकालमा ज्यान गुमाउँदै आएका छन्, त्यसको यकिन तथ्याङ्क छैन । तर, सर्पदंशका कारण बिरामीको संख्या भने हरेक वर्ष बढ्दो छ ।

## बाह्रदशीका कृषकलाई करोडका कृषि औजार वितरण



**बितामोड, असार १६।** झापाको बाह्रदशी गाउँपालिकाका कृषकका लागि झण्डै एक करोड रुपैयाँ बराबरको कृषि औजार र पानी तान्ने मोटर वितरण गरिएको छ ।

गाउँपालिकाले कृषि क्षेत्रको विकासका लागि कृषकलाई अनुदानमा पानी तान्ने मोटर र कृषि औजार बितरण गरेको हो । गाउँपालिकाले पशुपालक कृषकलाई कुटी काट्ने मेसिनदेखि पानी तान्ने मोटरसम्म बितरण गरेको छ ।

गाउँपालिकाका सबै नागरिकलाई स्वावलम्बी बनाउन गाउँपालिकाले विशेष प्राथमिकतामा राखेर ७६ लाख बरावरको पानी तान्ने मोटर बितरण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र दाहालले जानकारी दिए । गाउँपालिकाले पाँच सय १३ जना कृषकलाई १८ हजार तीन सय प्रतिगोटा पर्ने पानी तान्ने मोटर बितरण गरेको हो । २ हर्सपावरको मोटर वितरण गरिएसँगै बाह्रदशी गाउँपालिकामा झण्डै चार सय बिगाह क्षेत्रफलमा सिञ्चाईका लागि सुविधा पुग्ने बताइएको छ ।

मोटर खरिदका लागि गाउँपालिकाले चालू आर्थिक वर्षमा ३८ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो भने प्रत्येक वडाले आफ्ना वडावासीलाई छुट्टाछुट्टै रुपमा कुटी काट्ने मेसिन, पानी तान्ने मोटर, मकै छोडाउने मेसिन बितरण गरेको छ । वडा कार्यालयले मात्रै एक सय थान पानी तान्ने मोटर वितरण गरेको बताएको छ ।

गाउँपालिकाका अधिकांश कृषक कृषि पेशामा निर्भर रहेकाले उनीहरुलाई कृषिमा आत्मनिर्भर बनाउन गाउँपालिकाले सहयोग पुऱ्याएको गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले बताए । आगामी आर्थिक वर्षका लागि गाउँपालिकाले बाह्रदशीलाई मकै जोन घोषणा गर्दै मकै लगायतका खाद्यवस्तु ड्राइ गर्ने ड्रायर मेसिन खरिद गर्ने प्रक्रिया अघि बढाएको छ । जसका लागि ८० लाख

*(बाँकी अन्तिम पृष्ठमा)*

## रोटरी क्लव अफ बिर्तामोडको प्रेसिडेन्टमा निर्मल



**बिर्तामोड, असार १६ ।** रोटरी क्लव अफ बिर्तामोडको प्रेसिडेन्टमा निर्मल भट्टराई चयन भएका छन् ।

नेपाल अलैंची व्यवसायी महासंघका निर्वतमान केन्द्रीय अध्यक्ष समेत रहेका भट्टराई क्लवको सन् २०२०/०२१का लागि प्रेसिडेन्टमा चयन भएका हुन् । क्लवको पास्ट प्रेसिडेन्ट निकिता गिरी, प्रेसिडेन्ट इलेक्टमा नवीन गट्टानी, प्रेसिडेन्ट नोमिनीमा ओमकृष्ण बिमली, भाइस प्रेसिडेन्टमा बबिता गिरी, सेक्रेटरीमा सञ्जीव घिमिरे र ट्रेजररमा आमोद आचार्य चयन भएका छन् ।

क्लवको डाइरेक्टर एड्मिनिष्ट्रेशनमा मीनप्रकाश मैनाली, डाइरेक्टर मेम्बरसिपमा सुरेश वंशल, डाइरेक्टर सर्भिस प्रोजेक्टमा बिनोद बस्नेत, डाइरेक्टर रोटरी फाउण्डेशनमा राजकुमार पोखरेल, डाइरेक्टर पब्लिक रिलेशनमा प्रकाश शिवाकोटी र डाइरेक्टर युथ सर्भिसमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'छोरीभन्दा छोराको बढी चाहना रोक्न आवश्यक'

**झापा, असार १६।** संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए)ले प्रत्येक वर्ष लाखौं किशोरी आफ्ना परिवार, साथी एवम् समुदायको पूर्ण जानकारी र सहमतिमा आफूलाई शारीरिक एवम् भावनात्मक हानी पुऱ्याउने अभ्यासको शिकार बन्न बाध्य हुने गरेको जनाएको छ ।

यूएनएफपीले जारी गरेको 'विश्व जनसंख्या स्थिति प्रतिवेदन २०२०' अनुसार विश्वभर कम्तिमा १९ हानिकारक अभ्यास मध्ये स्तनाकार मिलाउनेदेखि कुमारीत्व परीक्षणसम्मका अभ्यासलाई मानव अधिकार उल्लंघनका रुपमा लिएको छ । यी अभ्यासहरु मध्ये मूलतः बालविवाह र छोरीभन्दा छोराको चाहना बढीलाई यस प्रतिवेदनले जोड दिएको छ ।

यूएनएफपीएका कार्यकारी निर्देशक डा.नतालिया कानेम भन्छन्- किशोरीहरूविरूद्धको हानिकारक अभ्यासले गम्भीर प्रकृतिको मानसिक आघात निम्त्याउँछ । यसले उनीहरूको पूर्ण प्रगतिको सम्भाव्यताको अधिकार समेत हरण गर्दछ ।

बाल विवाहको सबैभन्दा उच्च दर रहेको एसियाली देशहरु मध्ये नेपाल पनि रहेको छ । किशोर किशोरीको लागि विवाहको कानुनी उमेर २० वर्ष भएपनि एकतिहाई भन्दा वढी किशोरीको विवाह १८ वर्षभित्र हुने सो प्रतिवेदनमा औंल्याइएको छ । ती मध्ये पनि दश जनामा १ जना भन्दा वढीले १५ वर्षको उमेरसम्म विवाह गरी सकेका हुन्छन् । किशोरीको शिक्षा र स्वास्थ्य सेवामा पहुँच पुऱ्याउँदै उनीहरुमा लगानी, विवाह गर्ने उमेर बढाउने र छिटो बच्चा नजन्माउने सुनिश्चितता आजको आवश्यकता रहेको प्रतिवेदनले जनाएको छ ।

प्रतिवेदनले छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिने सस्कारले लैङ्गि पक्षपाती धारणालाई प्राथमिकता दिएको र छोराको छनौट वढी भई नवजात शिशु जन्ममा लिङ्ग अनुपात असन्तुलन बढेको उल्लेख गरेको छ । नेपालमा सन् २००५ मा १०० नवजात महिला शिशु जन्ममध्ये १०३ नवजात पुरुष रहेको थियो । यो संख्या सन् २०१५ मा ११० नवजात पुरुष पुगेको थियो । यसले छोरीलाई अवमूल्यन गरेर घट्दो नवजात महिलाको जन्मदर र छोरालाई प्राथमिकता दिएर गर्भपतन गर्ने अभ्यास बढाएको कुरा प्रतिविम्बित गरेको प्रतिवेदनमा रहेको छ ।

नेपालले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूलाई अनुमोदन गरेको छ । परिवारका सदस्य, धार्मिक समुदाय, स्वास्थ्य सेवा प्रदायक, व्यवसायिक उद्यम वा राज्य संस्था कुनै निकायद्वारा किशोरी माथिको हानिकारक अभ्यासहरुको अन्त्य हुनु आवश्यक

*(बाँकी अन्तिम पृष्ठमा)*

## पीसीआर खरिदका लागि शिखर साकोसको ५१ हजार



**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, असार १६।** 'एकका लागि एक' अभियानको अगुवाईमा झापामा स्थापना हुन लागेको पीसीआर परीक्षण प्रयोगशालाका लागि शिखर बचत तथा ऋण सहकारी संस्थाले ५१ हजार रुपैयाँ प्रदान गरेको छ ।

संस्थाका अध्यक्ष दीपेन्द्र राउतले अभियानका सहसंयोजक बिनोद बस्नेतलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् । अभियानको अगुवाईमा कोरोना संक्रमण परीक्षण गर्न नागरिकस्तरवाट झापामा स्थापना हुन लागेको प्रयोगशालाका लागि उक्त रकम प्रदान गरिएको अध्यक्ष राउतले बताए ।

उनले संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त रकम प्रदान गरिएको बताउँदै

*(बाँकी अन्तिम पृष्ठमा)*

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा '**कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष**' खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# रोकथाममा प्रभावकारी काम गर्न ध्यानाकर्षण

**झापा, असार १६।** नेपाली कांग्रेसले कोभिड-१९का सन्दर्भमा सरकारले गरेका र आगामी तयारीका विषयमा जानकारी लिने तथा पार्टीले बारम्बार उठाउँदै आएका विषयहरुमा सरकारको ध्यानाकर्षण गराएको छ ।

कांग्रेसद्वारा गठित 'कोभिड-१९अनुगमन समिति'का संयोजक एवम् पार्टीका सहमहामन्त्री डा. प्रकाशशरण महत नेतृत्वको प्रतिनिधिमण्डलले मंगलवार स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाललाई भेटेर सो ध्यानाकर्षण गराएको हो ।

प्रतिनिधिमण्डलले मुलुकभरका क्वारेन्टिन व्यवस्थित बनाउन र स्वदेश आउने नेपालीलाई सुरक्षित प्रवेश गराउन, अन्य रोगका बिरामी र सुत्केरीको उपचारको व्यवस्था निर्वाध मिलाउन, स्वास्थ्य सामग्री खरिद प्रक्रियालाई पारदर्शी बनाउनुपर्नेलगायत विषयमा ध्यानाकर्षण गराएको छ ।

कांग्रेसले निरन्तर आफ्नो सहयोग, सञ्चार माध्यमको खबरदारी, नागरिक समाज र आमजनताको साथले सिर्जना गरेको अनुकूलताको बाबजुद पनि सरकारको कमजोरीका कारण कोभिड-१९ सङ्क्रमण बृद्धि हुँदै जाँदा जनजीवन कष्टकर हुँदै गएको आरोप लगाएको छ । भेटमा मन्त्री ढकालले सरकारले कोभिड-१९को सङ्क्रमण रोकथाम र उपचारमा सक्दो प्रयास गरिरहेको, विदेशबाट आउने नेपालीको सङ्ख्या विस्तारै कम हुँदा क्वारेन्टिन व्यवस्थापनको चुनौति पनि कम हुँदै गएको र आरडीटी परीक्षणलाई निरुत्साहित गर्दै लगिएको बताए ।

साथै उनले पीसीआर परीक्षण हाल दैनिक आठ हजार क्षमता भएको र केही दिनमा दैनिक १० हजार गरिने जानकारी दिए । सहमहामन्त्री डा. महत नेतृत्वको प्रतिनिधिमण्डलमा नेताहरु एनपी साउद, चन्द्र भण्डारी, गगनकुमार थापा, मोहनबहादुर बस्नेत, पार्टी कार्यालयका सचिव डा. प्रदीप पराजुली र राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्रभु बुढाथोकी थिए ।

# भिन्दाभिन्दै दुर्घटनामा दुई जनाको मृत्यु

**मोरङ, असार १६।** मोरङको धनपालथान गाउँपालिका-५ मा ट्याक्टरमा चेपिएर १ जनाको मृत्यु भएको छ ।

धनपालथान गाउँपालिका-६का लखना रायको खेतमा जोत्दै गरेको को२त ६२१८ नम्बरको ट्याक्टर अचानक पल्टिई खेतमा काम गर्दै गरेका स्थानीय २२ बर्षीय मो. सजाद मियालाई किच्दा उनको घटनास्थलमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय रंगेलीले जनाएको छ ।

उता धनकुटाको साँगुरीगढी गाउँपालिका-६ कार्की छापमा ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

बिराटनगरबाट धनकुटातर्फ जाँदै गरेको को१ख ४३६६ नम्बरको ट्रक अनियन्त्रित भई दुर्घटना हुँदा सडक नजिकै रहेको कल्पना सुब्बाको घरलाई समेत क्षति पुर्‍याई सडकबाट अन्दाजी ५० मिटर तल खस्दा ट्रक चालक मोरङ सुन्दरहरैंचा-९का २९ बर्षीय राजु श्रेष्ठको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ । उक्त दुर्घटनामा कल्पना सुब्बाको १२ बर्षीया छोरी जुनु सुब्बा सामान्य घाइते भई स्थानीय मेडिकलमा उपचारार्थ पठाइएको तथा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# यी गल्फ सुन्दरी मोडलभन्दा कम छैनन्



अहिलेको समयमा सामाजिक सञ्जालमा धेरै हट तस्वीर र भिडियो हालेर चर्चा कमाउने गर्छन् । त्यस्तै एक हट सुन्दरीका तस्वीर सामाजिक सञ्जालमा निकै चर्चामा छन् । झट्ट हेर्दा मोडल वा हिरोइनजस्तै देखिने पेज रेनी स्पिरानेक खासमा गल्फ खेलाडी हुन् ।

यी अमेरिकी २७ वर्षकी सुन्दरी अहिले गल्फसँग सामाजिक संजालमा पनि स नसनी बनेकी छिन् । उनले युनिभर्सिटी अफ एरिजोना र सान डिएगो स्टेन युनिभर्सिटीको लागि कलेज गल्फ खेलेकी छिन् ।

२०१२-१३ र २०१३-१४ सिजनमा उनले अल माउन्टेन वेस्ट कन्फरेन्स अनर जितेकी थिइन् । उनले एजटेक्सलाई २०१५ मा पहिलोपटक माउन्टेन वेस्ट कन्फरेन्स च्याम्पियनशिप जिताएकी थिइन् । क्याक्टस टुरमा स्कट्सडेल ओरेन्ट ट्री कन्ट्री क्लवबाट उपाधि जितेकी थिइन् । लगत्ते उनी सामाजिक संजालमा सक्रिय भइन् जहाँ उनी छोटो समयमै चर्चामा आइन् । अहिले उनको इन्स्टाग्राममा २.५ मिलियन बढी फलोअर छन् ।

# खोलामा डुबेर दुई जनाको मृत्यु

**बिराटनगर, असार १६।** इलाम र उदयपुरका दुई स्थानमा खोलामा डुबेर दुई जनाको मृत्यु भएको छ ।

इलामको देउमाई नगरपालिका-५का २५ बर्षीय हरिप्रसाद चापागाँई देउमाई खोलामा डुबिरहेको अवस्थामा मृत फेला परेका थिए । सोमवार दिउँसोदेखि हराइरहेका चापागाँई मंगलवार बिहान उक्त खोलामा डुबेर मृत अवस्थामा रहेको भन्ने जानकारी पाए लगत्तै इलाका प्रहरी कार्यालय मंगलवारेबाट गएको प्रहरी टोलीले अनुसन्धान तथा कानूनी प्रक्रिया पूरा गरेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी उदयपुरको त्रियुगा नगरपालिका-१३ का ३८ बर्षीय सन्तोष भुजेलको बरुवा खोलामा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको छ ।

बरुवा खोलामा पौडी खेलिरहेको अवस्थामा अचानक डुबेर मृत्यु भएको भन्ने जानकारी पाए लगत्तै जिल्ला प्रहरी कार्यालय उदयपुरबाट प्रहरी टोली खटी गई अनुसन्धान तथा कानूनी प्रक्रिया भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# करेन्ट लागेर एक जनाको मृत्यु

**झापा, असार १६।** झापाको भद्रपुर नगरपालिका-१०का २६ बर्षीय राम हेमरमको करेन्ट लागेर मृत्यु भएको छ ।

घर नजिकै रहेको सेती खोलामा करेन्ट लगाई माछा मार्ने क्रममा अचानक आफैंलाई करेन्ट लाग्दा हेमरमको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## पीसीआर ...

कोरोना भाइरसको संक्रमणबाट वच्न सरकारले जारी गरेको लकडाउनमा कोही पनि भोकै वस्नु नपरोस् भनेर विर्तामोड नगरपालिकाको कोरोना कोषमा एक लाख ६१ हजार, अर्जुनधारा नगरपालिकालाई ५१ हजार, बाह्रदशी गाउँपालिकालाई ८८ हजार गरी तीन लाख रुपैयाँ प्रदान गरिएको जानकारी दिए ।

कार्यक्रममा 'एकका लागि एक' अभियानको साझेदार संस्था बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, झापा जिल्ला सहकारी संघका सचिव युवराज ढकालले 'एकका लागि एक' अभियानको अगुवाईमा प्रयोगशालाका लागि शिखर बचत तथा ऋण सहकारी संस्थाले गरेको सहयोगको प्रशंसा गरेका थिए । कार्यक्रममा अभियानमा साझेदार संस्थाका प्रतिनिधिहरु बिर्तामोड उद्योग वाणिज्य संघका सञ्जीव घिमिरे, झापा जिल्ला सहकारी संघकी व्यवस्थापक सञ्जु देवान राई, शिखर बचत तथा ऋण सहकारी संस्थाकी उपाध्यक्ष ऐश्वर्या पाण्डे, सचिव हिमालय प्रसाईं, सहसचिव तारा खतिवडा, कोषाध्यक्ष विजय चापागाईं, लेखा समितिका संयोजक अर्जुन चापागाँई, सदस्यहरु किरण थापा, बिज्ञान खड्का, मदन विश्वकर्मा, व्यवस्थापक लीलानाथ रेग्मी लगायतको सहभागिता रहेको थियो ।

एक अभियानका सहसंयोजक बिनोद बस्नेतले 'एकका लागि एक' अभियानको अगुवाईमा झापामा स्थापना हुन लागेको पीसीआर परीक्षण प्रयोगशालाका लागि देश विदेशबाट सहयोग जुट्ने क्रम वढिरहेको बताए । हालसम्म ९० लाख रुपैयाँभन्दा बढी रकम जुटेको बताउँदै उनले शिखर बचत तथा ऋण सहकारी संस्थाले रकम प्रदान गरेकोमा धन्यवाद दिएका थिए ।

मेची अञ्चल अस्पतालको मातहतमा रहने गरी पीसीआर परीक्षण प्रयोगशालाका लागि अनुमति, व्यवस्थापन र सञ्चालनको जिम्मेवारी भने प्रदेश सरकारले लिने सहमति भइसकेको र उक्त कार्यका लागि सम्पूर्ण प्रक्रिया अगाडि बढाउँदै तत्काल आवश्यक काम पूरा गरी प्रदेश सरकारलाई पीसीआर परीक्षण प्रयोगशाला हस्तान्तरण गरिने संयोजक महेन्द्रकुमार गिरीले बताए ।

## बाह्रदशीका ...

रुपैयाँ बजेट विनियोजन गरिने गाउँपालिका श्रोतले जनाएको छ । गाउँपालिकाले स्थानीयको सहभागितामा अहिले पनि कृषि औजारवितरण कार्यक्रम सञ्चालन गरिरहेको छ । हाते ट्याक्टर, टिलरलगायतका कृषि औजार बितरणमा गाउँपालिकाले वाह्रदशी गाउँपालिकावासीसँग हातेमालो गरिरहेको बताइन्छ ।

## प्रदेश ...

सरकारले प्रहरी चौकीतर्फ हरेक जिल्लामा दुईवटा पर्ने गरी २८ वटा प्रहरी चौकी निर्माण गर्ने उनले जानकारी दिए । प्रदेश प्रहरी कार्यालय, इप्रका, चौकी र बोर्डर आउट पोष्टको स्रोत सुनिश्चित भएको कार्कीले सदनलाई जानकारी गराए ।

सरकारले ७० वटा एम्बुलेन्स हिमाली, पहाडी र तराईका जिल्लामा गाउँपालिकामा दिने भनेको र आगामी वर्ष खरिद गरेर दिने स्पष्ट गर्दै भने- एम्बुलेन्सको अहिले नै अभाव देखिएको छ । अहिले कोरोनाका संक्रमित लैजान ल्याउन कठिन भएको छ । तेस्रोपटकको प्रयासमा हामी एम्बुलेन्स खरिद गरेर पालिकालाई दिनेछौं । गाउँपालिकाले निवेदन दिएकाले नेपाल सरकारसँग राजश्व छुट लिएर खरिद गर्ने प्रदेश सरकारले योजना बनाएको छ ।

पहिलोपटक राजश्व छुटको वैशाखमा चिठी आएको, दोस्रोपटक मंसीरमा आएपछि फागुनमा टेन्डर आह्वान गरिएको तर चैतमा लकडाउन भएपछि खरिद प्रक्रिया थाती रहेको मन्त्री कार्कीले जनाए । उनले भने- तेस्रो वर्ष हुन लाग्यो योपटक खरिद हुन्छ । १४ वटा दमकल खरिद गरेर मुख्यमन्त्री अत्यावश्यक सेवामार्फत् परिचालन गरिनेछ । एउटा पाइलट प्रयोगका रूपमा गाउँपालिकामा सेवा सञ्चालन गरिने उनले बताए ।

एउटा सेन्टर बनाएर राख्ने र विपद् व्यवस्थापनमा काम गर्ने अनि मुख्यमन्त्री अत्यावश्यक सेवामार्फत गर्ने योजनाको कार्यक्रम सफल भए नगरपालिकासँग साझेदारी गरेर थप व्यापक बनाउने उनले बताए । त्यसको व्यवस्थापन स्थानीय तहले गर्ने र जनशक्ति प्रदेश सरकारले व्यवस्था गर्ने उनले जनाए । कानून निर्माणको काम सबैभन्दा कठिन भएको बताउँदै मन्त्री कार्कीले यसका लागि दक्ष जनशक्ति अभाव रहेको जानकारी दिँदै भने- स्थानीय तहले पनि कति अप्ठेरो महशुस गरेका होलान् ।

अब कानुनको स्नातक विद्यार्थी पनि पढाएर निकाल्नुपर्ने रहेछ । कानून निर्माणको काम कठिन रहेछ । कानूनको पाठ्यक्रम ल्याउन अब प्रदेश सरकारले पहल गर्नेछ । कार्कीले शैक्षिक संस्थालाई आर्थिक, भौतिक र नैतिक सहयोग मन्त्रालयले गरिदिने बताए ।

## छोरीभन्दा ...

छ । प्रतिवेदन भन्छ- सरकारका प्रगतिशील कानून छन् तर कानून मात्र पर्याप्त छैनन् ।

दशकौंको अनुभव र अनुसन्धानले जनस्तरको आवधारणामा परिवर्तन ल्याउदा अझै राम्रो हुने प्रतिवेदनले सुझाव दिएको छ । कार्यकारी निर्देशक डा. कनेम भन्छन्- समस्याको मूल कारणहरु विशेष गरी लैङ्गिकतामा आधारित भेदभाव जन्य मान्यताहरु सम्बोधन गरेर समस्याको समाधान गर्नुपर्छ । किशोरीहरु विरुद्धका यस्ता अभ्यासहरु अन्त्य गर्न समुदायमा जारी रहेका प्रयासलाई हामीले थप उर्जा दिन सकेमा सम्पूर्ण समुदायलाई फाइदा हुने कुरा निश्चित छ ।

प्रतिवेदनमा प्रत्येक महिलालाई समान अवसरको प्रत्याभूति गर्न किशोरीलाई सहयोग पुर्‍याउने अर्थव्यवस्था र कानूनी प्रणालीहरूको पुनर्गठन हुनुपर्दछ । उदाहरणका लागि पैतृक सम्पत्तिमा समान हक सम्वन्धी कानुनहरू परिवर्तन गर्दा परिवारमा छोरीलाई भन्दा छोरालाई प्रोत्सहन गर्ने परिपाटीको अन्त्य हुन सक्ने जनाइएको छ ।

दश वर्ष भित्र बाल विवाहलाई अन्त्य गर्न किशोरीहरूलाई विद्यालयमा लामो समय राख्ने र जीवनोपयोगी सिपहरु सिकाउने पहलहरुबाट संभव र किशोरलाई सामाजिक परिवर्तनमा सहभागी गराउन प्रतिवेदनले उल्लेख छ ।

विश्वव्यापी रूपमा केही हानिकारक प्रचलनहरूको अन्त्य गर्ने क्रममा प्रगति भइरहेको अवस्थामा कोभिड १९ महामारीले प्रगतिलाई असर पुर्‍याउने संकेत दिएको छ । सेवा तथा कार्यक्रमहरू छ महिनासम्म यथास्थितिमा रहेको अवस्थामा सन् २०३० सम्म विश्वभरि थप १३ मिलियन किशोरी विवाह गर्न बाध्य हुने हालसालै गरिएको एक अध्ययनले देखाएको छ । कार्यकारी निर्देशक डा. कनेम भन्छन्- हाल अझै धेरै किशोरीहरु जोखिममा भएकाले महामारीले हाम्रो कामलाई थप जटिल र अझै जरुरी बनाउँछ । सम्पूर्ण किशोरीको अधिकार, छनौट र शरीर पूर्ण रूपमा उनीहरुको आफ्नै नहुञ्जेल हामी रोकिने छैनौं ।

## रोटरी ...

केदार गिरी चयन भएका छन् ।

सर्जेन्ट अफ आम्समा सुरेशकुमार अग्रवाल भद्रपुरे, क्लब मेम्वरमा जीतेन्द्र बस्नेत, क्लब ट्रेनरमा कुमार गिरी, टिच को-अर्डिनेटरमा शारदा थपलिया र मिडिया पार्टनरमा सुरेन्द्र भण्डारी चयन भएका छन् । क्लवले सामाजिक क्षेत्रमा विभिन्न गतिविधि गर्दै आएको छ । शुक्रवार रोटरी क्लव अफ बितामोडले अर्जुनधाराको श्री प्राथमिक सामुदायिक विद्यालयमा सेनिटेशन प्रोटेक्ट हस्तान्तरण गर्ने भएको छ ।


## शेयर बिक्रीमा सम्बन्धमा

## सूचना ! सूचना !! सूचना !!!

सोलुखोम्बु जिल्लाको दूधकोशी नदीमा निर्माणाधीन ८६ मेघावाटको लगभग आगामी दुई वर्षमा निर्माण सम्पन्न भई विद्युत् उत्पादन शुरु हुने सम्भावना रहेको सहास ऊर्जा लि. (जलविद्युत् कम्पनी)को यस संस्थाको नाममा रहेको शेयर विद्यमान सहकारी ऐन तथा नियमावलीमा रहेको व्यवस्था अनुसार संस्थाको नाममा राख्न नपाइने भई विक्री गर्नुपर्ने भएको र उक्त सेयर प्रति कित्ता रु. १००।- (अक्षरेपी एक सय मात्र) मा पहिलो चरणमा यस संस्थाका सेयर सदस्य तथा कर्मचारीलाई मात्र बिक्री गर्ने निर्णय भएकोले इच्छुक सेयर सदस्य तथा कर्मचारीलाई आफूले लिन चाहेको शेयर कित्ता संख्यासहित मितिः २०७७/०३/३१ गतेसम्म रितपूर्वकको निवेदन आव्हान गरिन्छ । सेयर खरिद गर्न चाहने सदस्य कर्मचारीले न्यूनतम् १००० कित्ता खरिद गर्नुपर्नेछ साथै निवेदन फारमको साथमा आफूले लिन चाहेको सेयरको ५० प्रतिशत रकम जम्मा गर्नुपर्नेछ बाँकी ५० प्रतिशत रकम २०७७ भदौं मसान्तसम्म चुक्ता गर्नुपर्नेछ । फारम भर्ने तथा बुझाउने स्थान संस्थाको केन्द्रीय कार्यालय बिर्तामोड-२, चारपाने तोकिएको छ ।

**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**केन्द्रीय कार्यालय बिर्तामोड-२, चारपाने, झापा**

**फोन नं. ०२३-५४३४०८**



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



**अर्जुनधारा नगरपालिका**

**शनिश्चधरे, झापा, प्रदेश नं. १, नेपाल**

## आन्तरिक आयको बोलपत्र/शिलबन्दी/दरभाउ पत्र आव्हानको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७७।०३।१७**

**टेकबहादुर गिरी बसपार्क पूर्वाधार प्रयोग शुल्क र पार्किङ शुल्क सम्बन्धी सूचना**

आन्तरिक आयको ठेक्का व्यवस्थापन कार्यविधि, २०७५ अनुसार यस अर्जुनधारा नगरपालिकाको आगामी आ.व. ०७७।०७८का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षक अनुसारका आयमा राजश्व परामर्श समितिको सिफारिस तथा नगरपालिकाको निर्णयानुसार ठेक्का लगाउनुपर्ने भएकोले ठेक्का लिन चाहनु हुने योग्य फर्म/संस्थाहरुबाट सूचना आव्हान गरिएको छ ।

तपसिल :

| ठे.नं. | ठेक्का शीर्षक | आ.व. ०७७।०७८का लागि प्राप्त न्यूनतम् अंक भ्याटसहित | बोलपत्र/ शिलबन्दी दरभाउ पत्र फाराम दस्तुर | बोलपत्र फाराम खोल्ने मिति र समय |
|---|---|---|---|---|
| १ | पूर्वाधार प्रयोग शुल्क र पार्किङ शुल्क, टेक बहादुर गिरी बसपार्क, अर्जुनधारा-११ | ३१,३६,८५०।- | ३०००।- | २०७७।०४।०१ गते दिनको २:०० बजेपछि |

**शर्तहरुः**

१. खरिद भएका बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, फर्मको आधिकारिक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी शिलबन्दी लाहाछाप गरी पेश गर्नुपर्नेछ ।

२. कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र र आ.व. ०७५।०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) बुझाइमाथि उल्लेखित मितिभित्र, अर्जुनधारा नगरकार्यापालिकाको कार्यालय तथा अर्जुनधारा नगरपालिकाको वडा नं. ८को कार्यालयबाट मिति २०७७।०३।३१ गते दिनको ४:०० बजे सम्म खरिद तथा नगर कार्यापालिकाको कार्यालयमा मिति २०७७।०४।०१ गते दिनको १२:०० बजेसम्म दाखिला गर्न सकिनेछ।

३. बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कबोल अंकको स्वदेशी नागरिक भए ५%(प्रतिशत) तथा विदेशी नागरिक भए १०%(प्रतिशत) । जमानत रकम यस कार्यालयको NIC Asia Bank Ltd. विर्तामोडस्थित धरौटी हि.नं. ००९२०५०५११२५८०१८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर धरौटी रकम ठेक्काको लागि समावेश गर्नुपर्नेछ ।

४. बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै उल्लेखित ठेक्काको दररेट कार्यालयबाट उपलब्ध गराउने । बोलपत्र/दरभाउपत्र साथ संलग्न रहनेछ ।

५. ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको १०%(प्रतिशत) छुट दिइनेछ, तर ठेक्का रकम किस्ताबन्दी गरी बुझाउन चाहेमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको २०७८ आषाढ मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।

६. बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

७. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहीत हुनेछ । यस बोलपत्र/शिलबन्दी दरभाउपत्रसँग सम्बन्धित अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ । विस्तृत जानकारीका लागि नगरपालिका वा फोन नं. ०२३-४६५५०२ मा सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।



**बिर्तामोड नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

## कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

**बिर्तामोड नगरपालिका**



**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को**

## कोटेशन आव्हान सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७७/०३/१७**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, केन्द्रीय कार्यालय बिर्तामोड-२ को सेवा केन्द पथरी, गोठगाउँको आन्तरिक डेकोरेशन गर्न इच्छुक फर्मबाट आवश्यक कागजहरु संलग्न राखी १५ दिनभित्र शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।

**शर्तहरु :**

१) फर्मको नाम, ठेगाना, भ्याट नम्बर, फोन नम्बर, मोवाइल नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनुपर्नेछ ।

२) फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नुपर्ने छ ।

३) कोटेशनमा फर्मको व्यवसायिक, कर चुक्ता, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनुपर्ने छ ।

४) समय नाघी वा रीत पूरा नगरी प्राप्त भएका कोटेशनलाई मान्यता दिइने छैन ।

५) सेवा केन्द्र आन्तरिक डेकोरेशन निमार्ण बि.ओ.क्युमा उल्लेख भए अनुसार गर्नुपर्नेछ ।

६) कोटेशन स्वीकृत गर्ने, नगर्ने, रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

७) एकपटक पेश गरिएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाइने छैन ।

८) बोलपत्रको छ प्रतिशत धरौटी रकम संस्थाको खातामा जम्मा गर्नुपर्नेछ ।

९) दरखास्त बोलपत्रको जम्मा रकम सेवा केन्द्र पथरीको रु १२,००,०००/- र गोठगाउँको रु १८,७५,०००/- (भ्याटसहित) भन्दा कम रकमको हुनपर्नेछ ।

१०) भ्याट बिलको १.५ प्रतिशत रकम ठेक्का कर वापत रकम कट्टा गरी आन्तरिक राजश्व कार्यालयमा जम्मा गरिनेछ ।

११) रु. १००० तिरेर दररेटसहितको बोलपत्र, बि.ओ.क्यु र नक्सा उपलब्ध गराइनेछ ।

**सहारा नेपाल (साकोस) लि.**

**केन्द्रीय कार्यालय, बिर्तामोड-२, चारपाने**

**फो.न. ०२३-५४११९८**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## पूर्ण तयारी गर

स्थानीय सरकारदेखि संघीय सरकारले खाद्यान्नमा परनिर्भरता हटाउने भन्दै कृषिलाई प्राथमिकता दिइएको भनिरहँदा कृषक भने उत्पादन घट्ने चिन्तामा छन् । नयाँ आर्थिक वर्षको प्रारम्भ हुन डेढ हप्ता बाँकी रहँदा तिनले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण र रोजगारीको प्रवर्द्धन गर्ने प्रमुख प्राथमिकतामा राखेका छन् । तर, देशको वर्तमान अवस्था आयातमुखी हुँदै सम्पूर्णरुपले परनिर्भरतातर्फ उन्मुख छ । झण्डै तीन दशकअघिसम्म यहाँको प्रमुख उत्पादन धान भारतमा निर्यात हुन्थ्यो भने आज अर्बौं रुपैयाँको चामल आयात हुने गरेको सरकारको तथ्यांकले देखाएको छ । यद्यपि स्थानीय सरकारले कृषकलाई अनुदान, प्राविधिक सेवा, सहुलियत उपलब्ध गराएको विवरण पनि सार्वजनिक भइरहेको छ, तर त्यस्तो तथ्यांकले जीवन पद्धतिमा भने परिवर्तन आएको छैन ।

यतिबेला कृषकहरुलाई धान रोप्ने चटारो छ । अन्नको भण्डार मानिने तराईका जिल्लामध्ये झापा पूर्वको सीमान्त जिल्ला हो । भौतिक विकासले समृद्ध र सचेत मानिने यो जिल्ला धान उत्पादनको प्रमुख क्षेत्र हो । त्यहीकारण पनि सरकारले दक्षिणी झापाका पालिकाहरुलाई कृषिको पकेट क्षेत्र घोषणा गरेको छ । त्यसमध्ये धान प्रमुख खाद्य बाली हो । जसलाई सेवा, सुविधा र सहयोगले समृद्ध पार्न सकिए आयात गर्ने संस्कृतिको अन्त्य गर्न सकिन्थ्यो । यो त्यही समय हो जसलाई धान दिवसका रुपमा समेत लिइएको छ । पर्व सरह धान रोपण कार्यलाई महत्व दिनु भनेको कृषकलाई हौसला, ऊर्जा दिनु हो, विश्वास जगाउनु हो ।

अहिले धान रोप्ने मुख्य सिजन हो । भारतसँग सीमाना जोडिएका मेचीनगर, कचनकबल, झापा, गौरीगञ्ज लगायतका पालिकाहरुका किसान समयमा उत्पादन बढाउन आवश्यक रासायनिक मल नपाएर हैरान छन् । त्यसबाहेक अर्जुनधारा, बुद्धशान्ति, बिर्तामोड, कनकाई, शिवसताक्षी, गौरादह, बाह्रदशी लगायतका क्षेत्रहरुमा समेत प्रमुख बालीका रुपमा धानखेती गरिन्छ । त्यसका लागि कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कम्पनीलाई जिम्मेवारी दिइएको छ । तर, तिनले लकडाउनका कारण भारतबाट मल ल्याउन नसकिएको जनाएका छन् । यसले गर्दा कृषकहरुले तस्करीबाट ल्याइएको रासायनिक मल चर्को मूल्यमा किनेर प्रयोग गर्नु परेको छ । रोपाइँमै छर्नुपर्ने युरीया मलको पूर्ण अभाव भइरहेका बेला मूल्यभन्दा दोब्बर तिरेर तस्करी गरी ल्याएको मल प्रयोग गर्न कृषक बाध्य छन् ।

त्यसो त यो यही वर्षको मात्र समस्या होइन । प्रत्येक वर्ष कृषकले यही नियति भोग्नु पर्दछ । झापामा नब्बे हजार हेक्टर क्षेत्रफलमा धानखेती गरिन्छ । यस वर्ष युरिया मलको माग बढी छ, तर यही वर्ष सरकारले कृषकलाई मल उपलब्ध गराउन सकेन । कृषि क्रान्तिका नाममा जे–जे योजना बनाए पनि कार्यक्रम घोषणा गरे पनि अथवा नारा लगाए पनि कृषकलाई कृषि कार्यमा आवश्यक पर्ने बीऊबिजन मलखाद लगायत भौतिक तथा प्राविधिक सहयोग यथासमय गर्न नसकिए ती निरर्थक हुन्छन् । भारतबाट अवैधरुपमा ल्याउन सकिने मल सरकारले वैध बाटोबाट ल्याउन नसक्नु सरकारकै कमजोरी हो । बीऊ, मल, औषधि कृषि क्रान्तिको पूर्वाधार हुन् । तिनको समुचित वितरण सरकारको दायित्वमा नआउञ्जेल, कृषकले सरकारी सेवा र सहयोगको अनुभूति नगरुञ्जेल उत्पादकत्व बढाउने ओठे कुरा मात्रै हुनसक्छ । त्यसैले आवश्यक वस्तु र सेवा कृषकले समय मै पाउनु पर्दछ, सहजै र सुलभ मोलमा पाउनु पर्दछ । अनि मात्र उत्पादन बढ्न सक्छ, कृषकमा उत्साह र ऊर्जा भरिन र कृषिमा व्यावसायिकता आउन सक्छ । यसले मात्र किसानको मुहारमा कान्ति र हातमा सृजना रमाउन सक्छ ।

### सामाजिक सञ्जाल



राजनीतिको अस्थायी शक्ति चुनावी गणितले दिन्छ, तर स्थायी शक्तिका लागि जनताले अनुभूति गर्ने गरी सरकारको डेलिभरि आवश्यक पर्दछ । कमजोर डेलिभरी र अविश्वसनीय कार्यशैलीले गर्दा ओली सरकारले राजनीतिक वैधता र शक्ति गुमाउँदैछ । संसदीय गणितको 'ब्याट्री' ले मात्र सत्ताको इञ्जिन अब चल्न कठिन ।

**– सूर्यराज आचार्य**



मानव अधिकार मनोरञ्जनको विषय होइन । यो मानवीय जीवनका हरेक आरोह-अवरोहसँग जोडिएको हुन्छ । जस्तोसुकै खराब अवस्थामा पनि मानव अधिकारविपरीत निर्णय लिन उचित हुँदैन । युद्ध र महामारीमा पनि राज्यले संविधान प्रदत्त अधिकारलाई केन्द्रमा राख्नु पर्छ ।

**– मोहना अन्सारी**

# व्यवसायीको पीडा कसले बुझ्ने ?



**दिपेन राउत**

दाजु लकडाउनले गर्दा घरमा नै बस्ने बानी भएछ । पसल त आउनै मन लागेन शुरु-शुरुमा । पसलको सम्झना नै रहेन दिमाखमा । लकडाउनको ४०/५० दिनसम्म त दिमाख यति खाली भयो कि न कुनै साथीसँग गफ भयो ! न व्यापारको सम्झना रह्यो ! न आफन्तको नै हेक्का रह्यो ! जीवन परिवारबीचमा मात्र रहेको थियो । न साहुको तागेता न बैंकको कुनै फोन न घरभाडाको चिन्ता दिन सहजरुपमा बितिरहेको थियो । तर, जब बैंकहरु खुल्न थाले । अनि पो जीवनमा तनाव हुन थाल्यो । साहुको तागेता । बैंकको तागेता । सहयोग माग्नेको तागेता । छोराछोरीलाई अनलाईन शिक्षा लगायतले झनै तनाव बनायो । दाजु तर जे-जसो भए पनि लकडाउन केही खुकुलो भएको कारणले पसल आज ७० दिन पछि खोले दाजु र दाजुसँगको भेटले मलाई थप हौसला मिल्यो भनेर एक व्यवसायी भाइ र मेरो गफ चलेको थियो ।

अनि कस्तो छ त भाइ व्यापार-व्यवसाय भनेर हामी गफिइरह्यौं । दाजु इण्डिया सिल भएर राम्रो भएको छ जस्तो लाग्छ । किनकि हरेक क्षेत्रको व्यापार राम्रो भएको छ जस्तो लाग्छ । मानिस धेरै इण्डिया गएर सामान किन्ने बानी परेका थिए । तर, यो कोरोनाले गर्दा बोर्डर सिलको कारणले नेपालमा नै सामान खरिद गर्नुपर्ने बाध्यता परेको छ । जसले गर्दा हामी जस्तो व्यवसायीलाई राम्रो भएको छ । किराना, कस्मेटिक, कपडा, हार्डवेयर, मोबाइल लगायतका धेरैजसो व्यापारीको पीडा कोरोनाले समाधान गर्‍यो । किराना लगायतका व्यापार त नसोचेकै भएको छ ।

जीवनमा यति धेरै व्यापार अहिलेसम्म गरेको थिएन भन्ने व्यवसायी पनि भेटे भने यतिबेला अन्य व्यवसाय पनि सोचेभन्दा राम्रो भएको छ । अनि दाजु अर्को खुशीको कुरा यो लकडाउन पछि व्यापारको ट्रेन अलि फरक भएको छ हिजो उधारो मा बेच्नुपर्ने सामान आज नगद भएको छ । खातामा हिसाव राख्ने हात खाली रहने जमाना थियो । तर, आज परिवर्तन भएको छ । जे-जति व्यवसाय भए पनि नगद कारोवार भएको छ । कारोबार नगद गर्न यो लकडाउनले सिकाएको छ । कोरोनाको भयले सिकाएको छ । जीवनमा पैसा नै हो भन्ने मान्यतामा मानिस बढिरहेको अवस्थामा कोरोनाले पैसाले पनि केही गर्न सकिँदैन भनेर प्रमाणित गरिदिएको छ । यो असार महिना त्यसै पनि व्यवसाय कम हुने महिना हो तथापि व्यवसायमा चित्त बुझाउने ठाउँ छ भने दिन प्रतिदिन कोरोनाको संक्रमण बढिरहँदा डराउनुपर्ने अवस्था रहेको छ । यतिका दिन भइ सक्यो आखिर हाम्रो नेपालमै रहेछ त खाद्यान्न लगायतका सामानहरु । अनि स्वदेशी उत्पादन नै खाँदा, लगाउँदा भइ हाल्छ नी होइन र दाइ ? भन्दै मलाई घरी-घरी प्रश्न पनि गरे । भारतबाट सामान नआए पनि हाम्रो देशमा भोकमरी त नलाग्ने रहेछ ।

कुनै सामानको अभाव नहुने रहेछ भन्दै म सँग गफिँदै रहे । स्वदेशी रकम विदेश त गएन ! भन्दै



झोकिँदै गफ चलिरहेको थियो । यो लकडाउनले धेरै व्यवसायीहरुलाई राम्रो गर्‍यो । चोरीपैठारी गर्ने मानिसको आज १२ बजेको छ । विचौलियाहरुको आज १२ बजेको छ । भन्दै गर्दा उनको मुहारमा स्वतःस्फूर्त चमक छाएको थियो । आवेग छाएको थियो । खुशी छाएको थियो । भारत सिल भएर चोरी पैठारीबाट आउने सामान नआउँदा हाम्रो देशकै सेल बढेको छ र सामान बिक्रीले गर्दा राज्यलाई तिनुपर्ने कर पनि बढेको छ । राज्यलाई तिनुपर्ने कर बढेकोमा हामीलाई खुशी लागेको छ । आखिर त्यो रकम विचौलियाले खान्थे आज सरकारले पायो भनेर भन्दै थिए । कोरोनाबाट जोगिनु नै यसको समाधान भएको हुँदा हामी एकअर्काबाट जोगिनुपर्छ । सुरक्षित रहने साधनको प्रयोग गर्दै सरकारले लकडाउन केही खुकुलो गर्‍यो जसले हामी जस्तो मध्यम व्यापारीलाई धेरै हदसम्म राहत पुगेको छ ।

व्यापार व्यवसाय शुरु गर्न पाउँदा आर्थिक भारबाट केही हदसम्म भए पनि कम गर्न सफल हुने छौं । असारको मसान्त पनि आउन लागेको छ । बैंकले ऋणको तागेता गरेको गरेकै छ । घरबेटीले केही नबोले पनि पीडा घरबेटीमा पनि रहेको हामीले बुझेका छौं । कोरोनाले विश्व बजार तहस नहस पारेको समाचारहरु पढ्छौं । तर, हामीलाई यो कोरोनाले शिक्षा दिएको छ । व्यापारको मूल मर्म नगद कारोबार हो भनेर सिकाएको छ । महामारी आए पनि व्यवसाय र व्यापारको महत्वलाई बढाएको छ । अनि बैंकले बारम्बार फोन गर्दा बैंकलाई पनि गाह्रो रहेको हामी व्यवसायीले बुझेका छौं । सरकारले असार ७ गतेसम्म कर बुझाउन भने पनि सर्वोच्च अदालतले लकडाउन पछिको एक महिनाभित्रमा कर तिरे हुन्छ भनेता पनि असार १० गतेसम्म कर संकलनको तथ्यांकले सरकारलाई पनि आर्थिक भार केही भए पनि कम भएको हाम्रो बुझाई रहेको छ । सर्वोच्च अदालतले नर्तिनुभन्दा पनि व्यवसायीहरुले स्वतः स्फूर्त कर तिर्नुलाई सरकारले मूल्याङ्कन गर्नैपर्छ ।

दाजु मैले मेरो भएको सबै सम्पत्ति बैंकमा राखेर ऋण लिएर व्यवसाय गरेको छु । यो लकडाउनले अफ्ट्यारो पारेको थियो त मलाई । म त एउटा प्रतिनिधि पात्र मात्र होला म जस्तो धेरै व्यवसायीहरु हुनुहुन्छ । जसको सम्पत्ति आफ्नो होला, तर सबै धितो बैंकको अधिनमा छ । यदि लकडाउन यसरी अलि खुकुलो नबनाएको भए धेरै मानिस सड्कमा आउनुपर्थ्यो । बैंकले हाम्रो धितो लिलाम गर्न बाध्य हुन्थ्यो । छोराछोरीलाई लिएर बेघर बन्नुपर्थ्यो । यो पीडा मनमा यति गढेको थियो कि के भन्नु दाजु ! जे भए पनि लकडाउन खुकुलो भएर व्यवसाय खोल्न पाएर बैंकको ब्याज, घरबेटीको भाडा, साहुको पैसा जोहो गर्न सकिन्छ कि असार मसान्तसम्म भन्ने आश पलाएको छ ।

यो असार महिना एउटा किसानले मानो छरेर मुरी फलाउने महिना । यो एक महिना किसानले काम गरेर वर्षभरी अन्न पुग्ने गरी फलाएर परिवारको गुजारा गर्नुपर्ने बाध्यता हुन्छ । तर, हाम्रो बाध्यता हरेक दिन व्यापार व्यवसाय हुनै पर्‍यो । गर्नै पर्‍यो । परिवारको लालनपालनको लागि कमाउनु पर्‍यो, घरबेटीको लागि कमाउनु पर्‍यो । बैंकको लागि कमाउनु पर्‍यो । साहुको लागि कमाउनु पर्‍यो । कर्मचारीको लागि कमाउनु पर्‍यो । दुःख विरामीको लागि कमाउनु पर्‍यो । सामाजिक संघ-संस्थाको लागि कमाउनु पर्‍यो । सरकारको लागि कमाउनु पर्‍यो । त्यसमा पनि कति विचौलियाहरुलाई पाल्नुपर्छ । आखिर एउटा व्यवसायीले कति ठाउँको लागि कमाउनु पर्छ । यो लकडाउनले आफ्नो व्यापार-व्यवसाय गर्ने व्यवसायीको कुण्ठा कति रहेछ सहजै अनुमान लगाउन सक्छौं ।

आफ्नो भएको धन-सम्पत्ति सबै दाउमा राखेर व्यवसाय गर्ने सक्ने क्षमता व्यवसायीमा नै हुन्छ । आँट, हिम्मत र साहस र व्यवसाय प्रतिको लगनले नै गर्दा व्यवसायीहरु सफल बन्दछन् । अनि त्यो व्यवसायले कति क्षेत्रमा प्रभाव पार्दो रहेछ त कति क्षेत्रमा परिपुरक भएर रहेको हुँदोरहेछ त हामीलाई लाग्छ उसले कमाइरहेको छ । तर, कुनै पनि व्यवसायमा कमाउन धेरै गाह्रो छ र गाह्रो को बाबजुत समाज र राष्ट्रप्रति कति योगदान गरेको हुन्छ भन्ने त्यो सम्बन्धित निकायले बुझ्न जरुरी छ । यी यस्ता व्यवसायीहरुलाई हामीले संरक्षण गर्नुपर्छ । प्रवर्द्धन गर्नुपर्छ । र सुरक्षित गराउनुपर्छ । मध्यम वर्गीय व्यवसायीको लागि यो संक्रमणकालीन समय हो ।

यो समयमा बैंक वित्तीय संस्थाले, सरकारले र व्यवसायीका छाता संगठनहरुले त्यस्ता व्यवसायीलाई बचाउन के-के गर्न सकिन्छ समन्वयकारी भूमिका निभाउनुपर्छ । व्यवसायको कर्म कमाउनु हो । कमाउने कर्म गरिरहँदा परिवार, समाज र राष्ट्रमा योगदान उच्च छ । त्यसैले त यो समाजमा व्यवसायीलाई उच्च सम्मानले हेर्ने गरिन्छ ।

# आज हरिशयनी एकादशी

**□ विश्वनाथ खरेल**

प्रत्येक साल आषाढ शुक्लपक्षमा पर्ने एकादशी अर्थात् हरिशयनी एकादशी महान् पुण्यमयी, स्वर्ग एवम् मोक्षदायिनी हो । हिन्दू धर्मशास्त्र अनुसार यो एकादशीमा निर्जला एकादशीमा बीजारोपण गरिएको तुलसीलाई सारिने कार्य गरिन्छ । जसको घरमा तुलसी सारिन्छ, त्यसको घरमा कलियुगको पाप फैलिँदैन भन्ने विश्वास गरिन्छ ।

यसै दिनदेखि भगवान् हरि अर्थात् विष्णु चार महिनाका लागि सुत्न जाने हुँदा यस एकादशीलाई हरिशयनी या देवशयनी एकादशी पनि भनिन्छ । यस एकादशीमा सुतेका हरि कात्तिक महिनाको हरिबोधिनी एकादशीमा मात्र जाग्ने जनविश्वास पाइन्छ । यस एकादशीमा पूजाअर्चना र व्रत बस्नाले सम्पूर्ण पापको मोचन हुने विश्वास रही आएको पाइन्छ । भविष्योक्तरा पुराणमा उल्लेख भए अनुसार सर्वप्रथम यस एकादशीको महिमा भगवान् ब्रह्माले नारदजीलाई भनेको र पछि युधिष्ठिरले भगवान् कृष्णलाई पनि भनेको उल्लेख छ ।

प्रत्येक हिन्दू धर्मावलम्बीहरूको घरको देब्रेपट्टि बनाएको मठमा तुलसीको बेर्ना सारिने कार्य पनि यसदिन गरिन्छ । यो एकादशीमा व्रत बस्दा मनोकांक्षा पूरा हुने विश्वास गरिन्छ । हिन्दू धार्मिक ग्रन्थहरूमा उल्लेख भए अनुसार पत्नी वृन्दाको सत्यमार्गका कारण जालन्धरले देवताकाविरुद्ध झन्झन् आफ्नो प्रभाव बढाउँदै लगेका थिए । भगवान् रामले समेत जालन्धरलाई पत्नीको सतित्वका कारण युद्धमा पराजित गर्न सकेका थिएनन् । त्यहीबेला विष्णुले वृन्दाको सतित्वलाई संकटमा पारेर मात्रै जालन्धरलाई पराजित गर्न सकिने कुरा विमर्श गरे । सोहीबमोजिम जालन्धर रूप धारण गरी वृन्दाको सतित्व हरण गरे ।

सो कुरा वृन्दाले थाहा पाएपछि भगवान् विष्णुलाई झार हुनुपरोस् भनी श्राप दिइन् । सोही श्रापको मोक्षस्वरूप विष्णुले तुलसीको रूप धारण गरे । यही धार्मिक किंवदन्ती अनुसार साक्षात् विष्णुको रूपमा तुलसीको दललाई असार शुक्ल एकादशीका दिन घरघरमा स्थापित गर्ने परम्पराको थालनी भएको विश्वास छ । घरआँगनमा तुलसीको बोट हुँदा देवताको बास हुने विश्वास छ । तुलसीको बोट नभएको घरमा यमराजका दूतहरू सहजै पुग्ने भएकाले विष्णुधारी तुलसीको विरुवालाई घरअगाडि मठ बनाएर रोप्ने गरिन्छ । हाम्रो समाजमा १२ महिनाको एक वर्ष मानिन्छ



र प्रत्येक महिनामा दुई वटा एकादशी पर्छन् ।

यस हिसाबबाट एक वर्षमा २४ वटा एकादशी हुने भएता पनि प्रत्येक साढे दुई वर्षपछि एउटा अधिकमास पर्छ र सो साल १३ महिनाको वर्ष मानिन्छ । त्यतिबेला दुई वटा एकादशी थप हुने भएकाले मलमास परेको सालमा २६ वटा एकादशी पर्न आउँछन् । प्रत्येक एकादशीको आफ्नो अलग नाम र परिचय छ भने सबैको भिन्नाभिन्नै व्रत उपवासको फल तोकिएको पाइन्छ ।

हाम्रो देशको वैदिक दृष्टिकोणमा हरिशयनी एकादशीको ठूलो महत्व रहेको छ । तुलसीको पूजा हुने भएकाले हिन्दूहरूकै महत्वपूर्ण पर्व हरिशयनी एकादशी स्वीकार्य बनेको छ । विधिपूर्वक मठमा तुलसीको दल रोप्दा जो कसैको वंशले तीनै लोकमा सुखशान्ति प्राप्त गर्ने धार्मिक विश्वास रहेको छ । 'तुलसी' शब्दलाई संस्कृत दर्शनमा गहिरो अर्थमा शाब्दिक व्याख्या गरिएको छ ।

तुलसी भन्नाले ज्ञान, वैराग्य र भक्तिको अजस्र केन्द्रबिन्दु हो । यसले मानव जीवनमा प्राप्त हुने विज्ञानलाई समर्पण भावमा परिणत गराउँदछ । तुलसीको मठलाई गोबर माटोले लिपपोत गरी सेता, राता, पहेँला वस्त्र तथा फूलमालाले सिँगार्नुका साथै विष्णुको प्रतिक लिंगोगाडी पूजा गरिन्छ ।

यसै एकादशीदेखि चतुर्मासको व्रत शुरु हुन्छ । चतुर्मासका एकादशीहरूमा भागवत लगायत अन्य पुराण भन्ने/भनाउने परम्परा रही आएको छ । हरिबोधिनीमा सो तुलसीलाई संकल्प समेतको अनुष्ठानमा विष्णु भगवानसँग विवाह गराइन्छ । यसै विवाहकर्मले ठूली एकादशी भनिएको अनुमान लगाउन सकिन्छ । तर, अनौठो चलन चतुर्मास अन्तर्गत विजयादशमी पर्वको एकादशीलाई पापांकुशा तथा गिद्धे एकादशी भनी मासु खाने र खुवाइने गरिन्छ ।

एकादशी र औंशीमा हिन्दूहरूले मासु खान वर्जित नै गरिए पनि व्यवहारमा चलाइएको यो मान्यतालाई हिन्दूधर्मको लचकता वा व्यावहारिक कठिनाई खुकुलो पार्न पण्डितहरूले आफू खुशी चलाएको कदम मान्ने ? अझै स्पष्ट हुन सकेको छैन । प्रायः नेपालीका घरमा तुलसी र तुलसीको मठ अनिवार्य जस्तै नै देखिन्छ । मृत्यु नजिकमा पुगेका व्यक्तिलाई तुलसीको मठमा राख्ने र मठमा रामनाम, हरिनाम, दामोदर आदि लेखेर मठलाई गेरुवा रङले सजाई शोभा गराई राखिने प्राचीन चलन यद्यपि, छँदैछ ।

तुलसीको धार्मिक महत्वमा मात्र ध्यान नदिइ यसको गुण महत्व बुझ्ने व्यक्तिहरूले आफ्नो घरमा मठ निर्माण नगरे पनि बगैँचाको रूपमा ड्याङ बनाई तुलसी हुर्काइ तुलसीको सेवा गरेको पाइन्छ । एकादशी व्रत र तुलसीको महत्व हाम्रा प्राचीन ग्रन्थहरू वेद, उपनिषद्, रामायण, महाभारत, पुराण र नीतिशास्त्रका विविध ग्रन्थमा प्रशस्त भेटिन्छन् ।

जब यस्ता शास्त्र, ग्रन्थहरूको महत्व धर्मसँग सीमित नभएर मानव जीवनलाई स्वस्थ र समुन्नत बनाउन पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ भन्ने कुरा प्रकाशमा आइसकेपछि चेतनशील मानव प्राणीले तिनलाई आफ्नो जीवनचर्यामा समाहित गर्नु बुद्धिमता पूर्ण कार्य हुन आउँछ । त्यसैले, एकादशी व्रत बस्ने व्यक्तिप्रति सम्मान गरौं, नाक नखुम्च्याऔं र तुलसीलाई अरू साधारण बोटबिरुवा सरह अज्ञानी आँखाले नहेरौं । काम्य र नित्य गरी व्रतका दुई स्वरूप छन् ।

उद्देश्य एवम् कामनापरक काम्य उपासना हुन्छ । कुनै इच्छा नराखी गरिने व्रत उपासना नित्य उपासना हो र एकादशी अनुष्ठान नित्यकर्ममा पर्छ । नित्य र निष्काम व्रतको प्रभावले झन् बढी उद्देश्य सफल बन्ने हुन्छ । मानिसलाई आवश्यक भक्ति र मुक्ति दुवै प्राप्त हुन आवश्यक छ । जुन एकादशी अनुष्ठानबाट मात्र सम्भव छ । एकादशी व्रत निरोगी हुन्छ, सुखी र समृद्धशाली हुन्छ । जुवा, कुभाषण, मिथ्या, परनिन्द्राबाट टाढा हुन्छ । तुलसीको महत्व जीवनको उदयदेखि अन्त्यसम्म रहेको छ ।

# गरिबी निवारणका लागि लघुउद्यम गर्न बिर्तामोडका १९ महिलालाई प्रविधि



**बिर्तामोड, असार १६।** 'गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम' अन्तरगत स्तरोन्नतिका लागि प्रविधि हस्तान्तरण कार्यक्रम बिर्तामोड-२ लालमाटीमा सम्पन्न भएको छ ।

त्यहाँस्थित दुईवटा समूहमा आबद्ध महिलालाई १६ थान सिलाइ मेसिन र तीन वटा ज्याक प्रदान गरिएको छ । बिर्तामोड-१ स्थित झापा प्राविधिक शिक्षालयको आयोजना एवम् उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत घरेलु तथा साना उद्योग कार्यालय झापाको आर्थिक सहयोगमा त्यहाँका महिलालाई प्रविधि हस्तान्तरण गरिएको करुणा लघुउद्यमी महिला समूहकी अध्यक्ष सर्मिला राजवंशीले जानकारी दिइन् ।

झापा प्राविधिक शिक्षालयका कार्यक्रम प्रबन्धक देवराज बरालको अध्यक्षता र घरेलु तथा साना उद्योग कार्यालयका उद्योग अधिकृत छविलाल खतिवडाको प्रमुख आतिथ्य रहेको कार्यक्रममा सहभागीका तर्फबाट गीता केसीले स्वागत गरेकी थिइन् । लालमाटी लघुउद्यमी महिला समूह र करुणा लघुउद्यमी महिला समूहमा आबद्ध महिलाले ४५ दिने प्राविधिक तालिम लिएर सिपलाई आयआर्जनको माध्यम बनाउन थालेपछि उक्त कार्यलाई लघु उद्यमका रुपमा स्तरोन्नतिका लागि सामग्री प्राप्त गरेका हुन् । गत वर्ष भएको तालिममा १९ जना सहभागी थिए ।

कार्यक्रममा बिर्तामोड-२ का वडाध्यक्ष नगेन्द्रप्रसाद संग्रौला, डिमेगा अध्यक्ष निर्मला भण्डारी, घरेलु तथा साना उद्योग कार्यालयकी चनीमाया तामाङ, झापा प्राविधिक शिक्षालयकी कार्यक्रम संयोजक देउकला राई, अनुगमन अधिकृत विनोद आचार्य, गंगा सोरेन लगायतले महिलाले उक्त कार्यक्रम अन्तरगत सिकेको सिपलाई आत्मनिर्भरताका लागि आयआर्जनको माध्यम बनाउनुपर्नेमा जोड दिएका थिए ।

यसैबीच केही समयअघि शर्मिला राजवंशीको अध्यक्षतामा ११ सदस्यीय करुणा लघुउद्यमी महिला समूह गठन भएको छ । महिलालाई सिप प्रदान गरी आत्मनिर्भर बनाउनका लागि गठित समूहको उपाध्यक्षमा प्रेरणा किस्कु, सचिव हिमा यादव, कोषाध्यक्ष रामवती राजवंशी, सहसचिव सविता राजवंशी रहेका छन् । सदस्यहरुमा रिनाकुमारी राजवंशी, सविना खातुन, कमला किस्कु, राजकुमारी राजवंशी, पूर्णिमा राजवंशी रहेका छन् ।

## हवल्दारले आफैंलाई गोली हाने

**सुनसरी, असार १६।** सुनसरी जिल्ला अदालतमा कार्यरत एक प्रहरी हवल्दारले आफैँले बोकेको पेस्तोलबाट गोली हानेर आत्महत्या गरेका छन् ।

जिल्ला अदालत सुनसरीमा कार्यरत उर्लाबारी नगरपालिका घर भएका ओमप्रकाश खतिवडाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । जिल्ला अदालत सुनसरीका ४ नम्बर न्यायाधीश शंकरबहादुर राईको अङ्गरक्षकका रूपमा कार्यरत खतिवडाले अदालतको छतमा गएर आफूसँग भएको पेस्तोलबाट आफ्नै कञ्चटमा गोली हानेर आत्महत्या गरेको सुनसरीका प्रहरी नायब उपरीक्षक विनोद शर्माले बताए ।

दाहिने कञ्चटमा गोली हानी गम्भीर घाइते भएका खतिवडालाई उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएकामा उपचारको क्रममा उनको मृत्यु भएको प्रहरी नायब उपरीक्षक शर्माले बताए । घटनाको कारण भने खुलेको छैन । घटनाका विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## युनिशा बनिन् अन्तर्राष्ट्रिय लिम्बू टिकटक प्रतियोगितामा प्रथम




**ताप्लेजुङ, असार १६।** अन्तर्राष्ट्रिय लिम्बू टिकटक प्रतियोगिताको उपाधि इलाम माङ्सेबुङ निवासी युनिशा साँवाले हात पारेकी छिन् । उनले उपाधिसँगै २० हजार रुपैयाँ समेत प्राप्त गरिन् ।

दमक र हङकङ रहेर नेपाली कला संस्कृतिमा निरन्तर लागि राखेका कला संस्कृतिका अभियन्ता फुलेन्देको बाउ उपनामले परिचित मौसम लिम्बूद्वारा लिम्बू कलासंस्कृतिलाई जगेर्ना गर्नको कोरोना कहरसँगै गरिएको लकडाउनमा संसारभर लिम्बू गीतलाई प्रचार-प्रसार होस् भन्ने अभिप्रायले गत वैशाख १५ गतेबाट फुलन्देको बाउ नामको फेसबुक पेजको एडमिनबाट संचालन भएको टिकटक प्रतियोगिता असार १५ गते सम्पन्न भएको हो ।

त्यसैगरी प्रतियोगिताको द्वितीय पुरस्कार १० हजार रुपैयाँ धरान-१० कि हाङ्सु आङबुहाङ्ले प्राप्त गरेकी छिन् भने तेस्रो पुरस्कार सात हजार पाँच सय रुपैयाँ शिवसताक्षीका समिर जबेगूको ग्रुपले हात पारेका छन् । त्यस्तै सान्त्वना पुरस्कार पाँच हजार रुपैयाँ मिक्लाजुङ, पाँचथरका ओसिन आङदेम्बे लिम्बूको समूहले प्राप्त गरेका छन् ।

त्यसैगरी जुरीतर्फ तीन वटा समूहहरु लिम्बू ब्वाइज ग्रुप, भारत, सिक्किमलाई सर्वोत्कृष्ट टिकटक नृत्य, दिलमाया पन्धाक लिम्बू समूह बुद्धशान्ति झापालाई सर्वोत्कृष्ट कोरियोग्राफी र तुलसा नेम्बाङ्गो समूह पथरीशनिश्चरे, मोरङलाई सर्वोत्कष्ट टिकटक भिडियो घोषणा गरी प्रत्येक समूहलाई १० हजार रुपैयाँ र तेह्रथुमे ढाका बुटिक नखिपोट ललितपुरको तर्फबाट आकर्षक गिफ्ट ह्याम्पर प्रदान गरिएको छ ।

बेलायतमा कार्यरत नेम खापुङ र एनजे माबोहाङबाट ५९ हजार रुपैयाँ, तेह्रथुमे ढाका बुटिकबाट मायाको चिनो, त्यसैगरी इजारायलबाट नुमा काङ्भा र आइतरानी फाउण्डेशनका गायक र संगीताकार सुजन तिगेला र हङकङमा कार्यरत चिना बनेमद्वारा गैर लिम्बू प्रतियोगी सम्पूर्णलाई मायाको चिनो प्रदान गरेका थिए ।

प्रतियोगितामा पाँच सयभन्दा धेरै टिकटकहरु मध्येबाट एक सय ७५ वटा टिकटकहरु अपलोड भएका थिए । टिकटक अपलोड भएको एक महिना अवधिमा सबैभन्दा धेरै लाइक, सेयर र भ्यूज पाउने भिडियोलाई नै विजेता घोषणा गरिएको थियो ।

# लकडाउनमा पनि कनकाई हस्पिटलको सेवा निरन्तर




**बिर्तामोड, असार १६।** कनकाई हस्पिटल बिर्तामोडले लकडाउनमा पनि विशेषज्ञसहितको स्वास्थ्य सेवाहरु प्रदान गर्दै आएको जनाएको छ ।

कनकाई हस्पिटल बिर्तामोडको १४औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा यस्तो जानकारी दिइएको हो ।

विश्वमा महामारीको रुपमा फैलिइरहेको कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनमा पनि स्वास्थ्य बीमा अन्तरगतको ओपीडी सेवा, सुत्केरी सेवा, मृगौला, मुटुरोग सम्बन्धी सेवा, हाड, जोर्नी, नशा रोग सम्बन्धी सेवा, इमरजेन्सी सेवा, जनरल र मेरुदण्ड सम्बन्धी शल्यक्रिया र अन्य रोगहरु पनि उपचार गरिरहेको कनकाई हस्पिटलका व्यवस्थापक अभय भुजेलले जानकारी दिए ।

उनले लकडाउनको अवधिमा हालसम्म तीन हजारभन्दा बढीलाई विशेषज्ञसहितको स्वास्थ्य सेवाहरु प्रदान गरिएको र त्यही अवधिमा एक सयभन्दा बढीको जनरल र मेरुदण्ड सम्बन्धी शल्यक्रिया गरिएको बताए ।

कनकाई हस्पिटलका अध्यक्ष तथा मेडिकल डाइरेक्टर डा. प्रेमबहादुर शाहीको अध्यक्षतामा भएको कार्यक्रममा हस्पिटलका निर्देशक महेन्द्रबहादुर राईले स्वागत गरेका थिए । कार्यक्रममा हस्पिटलका निर्देशकहरु खेमराज बानियाँ, युवराज डाँगी लगायतले कोरोना भाइरसको संक्रमणको यस्तो जोखिमपूर्ण अवस्थामा पनि स्वास्थ्य सेवा प्रदान गरिरहेको भन्दै डाक्टर तथा नर्सहरुको प्रसंशा गरेका थिए ।

त्यस्तै हस्पिटलका वरिष्ठ प्रसूति तथा स्त्री रोग विशेषज्ञ डा. राजेशकुमार महतो, एनेस्थोसियोलोजिष्ट डा. प्रमोद राई, वरिष्ठ फिजिसियन डा.चन्दन विश्वास लगायतले लकडाउनमा पनि सुरक्षाका सावधानी अपनाउँदै स्वास्थ्य सेवा प्रदान गरिरहेको बताएका थिए ।

सोही कार्यक्रममा भारतको गंगाराम हस्पिटलबाट माइक्रोस्कोपी स्पाइन सर्जरी र एन्डोस्कोपिक न्युरो स्पाइन सर्जरी सम्बन्धी विशेषज्ञता हाँसिल गरेर नेपालमै पहिलो पटक कनकाई हस्पिटल बिर्तामोडमा आएको भन्दै कनकाई हस्पिटलका अध्यक्ष तथा मेडिकल डाइरेक्टर, वरिष्ठ स्पाइन सर्जन डा. प्रेमबहादुर शाहीलाई स्वागत सम्मान गरिएको थियो ।

कार्यक्रममा डा. प्रेमबहादुर शाहीले कनकाई हस्पिटल बिर्तामोडले प्रदेश १ मै पहिलोपटक माइक्रो एण्डोस्कोपिक स्पाइन सर्जरी सम्बन्धी सेवा शुरु गरिने बताए । उनले कनकाई हस्पिटल बिर्तामोडले स्पाइनल सर्जरी सेवा शुरु गरेको र प्रदेश १ का सेवाग्राहीलाई लक्षित गरी बिर्तामोड-५ बुट्टाबारीमा १०० शैय्याको ट्रमा सेन्टर निर्माण गरिने जानकारी दिए ।

कार्यक्रममा कोरोना भाइरसको संक्रमण तथा रोकथाममा खटिने अस्पतालमा कार्यरत सबै स्वास्थ्यकर्मी र कर्मचारीको कोरोना भाइरसको जोखिमकाविरुद्ध ५० हजार बराबरको जीवन बीमा गरिएको जानकारी दिइयो ।

कनकाई हस्पिटलले स्वास्थ्य बीमा कार्यक्रम अन्तरगत ओपीडी सेवा, इमरजेन्सी सेवा, मेरुदण्ड, हाडजोर्नी तथा नशा रोग, प्रसूति तथा स्त्री रोग, नवजात, शिशु तथा बालरोग, एनेस्थेसीया तथा क्रिटीकल केयर, आइसीयु सेवा, रेडियोलोजी, फिजियो थेरापी, प्याथोलोजी लगायतका विभिन्न विशेषज्ञसहितको सेवा प्रदान गर्दै आइरहेको कार्यक्रममा जानकारी दिइयो । कार्यक्रमको सञ्चालन कनकाई हस्पिटलका व्यवस्थापक अभय भूजेलले जानकारी दिए ।

## भारतमा टिकटकसहित ५९ चिनियाँ एप प्रतिबन्धित

**झापा, असार १६।** भारत सरकारले ५९ वटा मोबाइल एपमा प्रतिबन्ध लगाएको छ । सरकारले जारी गरेको प्रेस विज्ञप्तिमा चीनबारे केही उल्लेख गरिएको छैन, तर प्रतिबन्ध लगाइएका कैयौं एपहरू चीनमा बनेका वा चिनियाँ कम्पनीको स्वामित्वको रहेको छ ।

प्रतिबन्धित एपमा टिकटक, वीच्याट, यूसी ब्राउजर र शेअरइट जस्ता चर्चित एपहरू छन् जुन भारतमा निकै नै प्रयोगमा रहेको मानिन्छ । भारत सरकारले निर्णय लद्दाख क्षेत्रको गलवान इलाकामा चिनियाँ सैनिकसँगको हिंसात्मक झडपमा २० जना भारतीय सैनिक मारिएपछि चिनियाँ सामान, सफ्टवेअर र एप बहिष्कार गर्नुपर्ने आवाज उठेका बेला लिइएको छ ।

इलेक्ट्रोनिक्स तथा आइटी मन्त्रालयका अनुसार ती एपहरू 'भारतको सम्प्रभुत्ता र सुरक्षाको निम्ति खतरा' भएकाले प्रतिबन्धित गरिएको हो । आइटी मन्त्रालयले आइटी कानून अनुसार उक्त निर्णय लिएको हो । ती एपहरू एन्ड्रोयड र आइओएस दुबै अपरेटिङ प्रणाली भएका मोबाइल फोनमा प्रतिबन्धित हुनेछन् ।

मन्त्रालयका विज्ञप्तिमा भनिएको छ- 'भारतका करोडौं मोबाइल र इन्टरनेट प्रयोगकर्ताको डेटा सुरक्षा र गोपनीयतालाई ध्यानमा राखेर यो निर्णय गरिएको हो ।' यसबाट भारतको साइबर सुरक्षा सुनिश्चित हुने सरकारको भनाइ छ ।

उक्त प्रतिबन्धपछि दुवैखाले मोबाइल फोनले एप स्टोरबाट ती एपहरू हटाउनु पर्नेछ । तर, सरकारले जारी गरेको विज्ञप्तिमा मानिसहरूलाई आ-आफ्नो मोबाइलबाट ती एप मेट्न अपिल गरिएको छ । जसले ती एप आफ्नो मोबाइलमा राखेका छन् ।

# 'अपाङ्गता रोकथाम लक्ष्य प्राप्ति कहाँ चुक्यो ?'

□ विमल दाहाल




**इलाम, असार १६।** इलामको रोङ गाँउपालिकामा सोमबार हेरचाहाका लागि उत्प्रेरणा (I2C) कार्यक्रमको बार्षिक योजना निर्माण तथा समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

अपाङ्गता समन्वय समिति रोङका संयोजक तथा गाउँपालिका उपाध्यक्ष चन्द्रकला राईको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष शमशेर राईले अपाङ्गता क्षेत्रमा सञ्चालन भइरहेको हेरचाहका लागि उत्प्रेरणा कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गर्दै चालू आर्थिक बर्षमा अपाङ्गता रोकथाम लक्ष्य प्राप्ती कहाँ चुक्यो प्रतिप्रश्न गरे ।

कार्यक्रमको उपलब्धिमा परिचयपत्र बितरण भन्दा पनि अपाङ्गता भएका ब्याक्ति कसरी स्वास्थ्य र सफल बन्न सफल रहे त्यस उपलब्धिको समिक्षा गर्नुपर्नेमा जोड दिए । कार्यक्रमको समिक्षा आफूले गर्नुभन्दा तेस्रो पक्षले उपलब्धि कति भयो भनेर भन्ने बनाउन सक्नु कार्यक्रमको लक्ष्य रहनुपर्नेमा जोड दिए ।

बार्षिक योजना निर्माण तथा समिक्षा कार्यक्रममा गाँउपालिकास्तरीय स्वावलम्वन समूहका अध्यक्ष रोहणी बरालले अपाङ्गता भएका ब्यक्तिलाई कार्यक्रमले पुर्नस्थापनामा सहयोग गरेको जानकारी दिए ।

कार्यक्रममा सिबिआरएफ इन्दू खतिवडा, भवानी राई, गोमा चापागाईले वडा वडाको प्रगति विवरण प्रस्तुत गरेको स्वास्थ्य प्रमुख नेत्र पोखेलले जानकारी दिए ।

कार्यक्रममा वडाध्यक्षहरु बुद्धिबहादुर ढकाल, टेकबहादुर तामाङ, मातृका बराल, सूर्य राई र युवराज राईले कार्यक्रमको प्रभावकारिताका बारेमा आ-आफ्नो बिचार राखेका थिए ।

हेरचाहका लागि उत्प्रेरणा कार्यक्रमका फोकल पर्सन नेत्रप्रसाद पोखेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन करुणा फाउण्डेसन नेपाल रोङका समुदाय संयोजक विमल दहालले गरेका थिए ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

**उपचार हुने समस्याहरु :**



- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झमझमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**
**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

**वर्गीकृत विज्ञापन**

**आवश्यकता**
सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** भाइबहिनीका तर्फबाट खुशीको खबर प्राप्त हुने सम्भावना छ । धार्मिक र सामाजिक काममा समय बित्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** दिनदु:खीलाई दिएको सहयोगले रोकिएको काम बन्न सक्छ । पशुपालक र दुग्धव्यवसायमा संलग्नहरूले मनग्ये लाभ प्राप्त गर्नेछन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बुधबारदेखि शुक्रबारसम्म परिवारजनमा असमझदारी बढ्नेछ, मान्यजन वा अभिभावकवर्ग रुष्ट हुन सक्छन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** जग्गाजमिन वा घरायसी सम्पत्तिको चिन्ताले सताउन सक्छ । महत्वाकांक्षी योजनामा हात हाल्नु राम्रो हुँदैन ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** कृषि-चौपायाबाट हानि पुग्नसक्छ । तर, आगामी शनिवारका दिन कुनै विशेष खुशीको समाचार सुन्न पाइएला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** राम्रो कामको लागि काम गर्ने वातावरण अनुकूल बन्नेछ । बौद्धिक क्षमताको प्रस्फुटन हुनाले सिर्जनात्मक सफलता मिल्नेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** राशिमा रहेको चन्द्रमाका साथमा साताको सुरुवात हुँदैछ, त्यसैले व्यापारिक वा दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** खानपिनका परिकार प्राप्त हुने र भ्रमण, पर्यटन, रमझम तथा सामाजिक काममा सहभागी हुनुपर्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** धार्मिक र सामाजिक काममा मन जान सक्छ । धार्मिक सामाजिक कामको दायित्व थपिन पनि सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भाँडाकुँडा, घरायसी बन्दोबस्तका सामान र सुनचाँदी जस्ता धातुको कारोवारबाट धेरथोर लाभ मिल्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोलीमा पूर्ण प्रभाव रहने छ, तर विवाद र झगडामा पछि हट्नु नै बेस हुनेछ । सामाजिक कार्यमा नेतृत्ववादी भूमिका वहन गर्नुपर्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** जसबाट यश प्राप्त हुनेछ । बोलीको प्रभाव रहनाले काम बन्ने छ समयलाई पर्खिनु होला । यो समय विशेष महत्वको समय हुनेछ ।